# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.:२०८२/८३
च:.नं.

मिति: २०८३/०१/२३

**सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने कार्य सम्बन्धी अत्यन्त जरुरी सूचना।**

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को एक सय बुँदे कार्ययोजनाको बुदा नं ९२ मा उल्लेख भएको कार्ययोजना, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१२ मिति २०८३/०१/१७ को पत्र र जिल्ला प्रशासन कार्यालय मोरङको च.नं ९०२१,मिति २०८३/०१/१५ गतेको पत्र समेतको आधारमा यस रतुवामाई नगरपालिका क्षेत्राधिकार भित्ररहेका सरकारी, सार्वजनिक तथा निजी जमिन समेत अतिक्रमण गरेको भए सो को विवरण संकलन गरी आवश्यक कारवाही प्रक्रिया अघिबढाई सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने कार्य प्रयोजनार्थ विवरण आवश्यक भएको हुदा यस नगरपालिका क्षेत्रभित्र जग्गा अतिक्रमण भएको वा गरिएको भए त्यस्तो अतिक्रमण गर्ने व्यक्ति/संस्थाहरुको विवरण खुलाई यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र जानकारी गराइदिनुहुन सम्पूर्ण रतुवामाई नगरवासी लगायत जानकार राख्ने जो कोहीलाई सूचना उपलब्ध गराउनु हुन हार्दिक अनुरोध छ।

**अतिक्रमण गर्नेको खुलाउनु पर्ने विवरण :**

१. अतिक्रमण गर्नेको विवरण: व्यक्ति वा संस्थाको नाम र ठेगाना (तीन पुस्ते विवरण)।
२. स्थान र विवरण: अतिक्रमण भएको जग्गाको वडा नं., टोल/स्थानको नाम, कित्ता नं. र अनुमानित क्षेत्रफल।
३. अतिक्रमणको प्रकृति: जग्गामा खेती गरिएको, घर/टहरा बनाएको वा अन्य कुनै व्यवसायिक प्रयोग गरेको।
४. अतिक्रमणको अवधि: कहिलेदेखि अतिक्रमण गरिएको हो (अनुमानित समय)।

गोपनीयताको सुनिश्चितता: सूचना उपलब्ध गराउने व्यक्तिको नाम र ठेगाना पूर्ण रूपमा गोप्य राखिनेछ। प्राप्त विवरणहरुलाई छानविनगरी आवश्यक कारवाहीको लागि प्रक्रिया अघि बढाइने हुदा पछी फरक नपर्ने गरि सत्य तथ्य विवरण उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध छ ।

०८३।०१।२३
उम्नारु बल्लभ बराल
प्रमुख प्रशासकीय अधिकृत